# WOREC

**Job Description of Psychosocial Counselor**

| Job Title: Psychosocial Counselor | Department: Program |
|---|---|
| Reporting To: WFS manager | Location: Doti and Bajura |

महिला पुर्नस्थापना केन्द्र ओरेक महिला अधिकार सुनिश्चितताका लागि अभियानरत एक राष्ट्रिय स्तरको गैरसरकारी संस्था हो । संस्थाले हाल महिला अधिकार, लैंगिक समानता, दिगो जिविकोपार्जन, पर्यावरणीय न्याय र समग्र मानव अधिकारको सवालमा नै विगत ३२ बर्षदेखि काम गर्दै आएको छ । त्यसैगरी नेपालमा गएको २०६८ को कोशीबाढी देखि नै विपदको अवस्थामा महिलाहरुमाथि हुने हिंसा, यौन तथा प्रजनन स्वास्थ्य समस्या, हानिकारक परम्परागत अभ्यास र यसले महिलालाई विपदको अवस्थामा पनि पारेको असर तथा प्रभाव, विशेष अवस्थामा रहेका महिला जस्तै गर्भवती, सुत्केरी, स्तनपान गराउने महिला, बृद्ध, अपांगता भएका, किशोरी आदिको विशेष अवस्था र आवश्यकतालाई सम्बोधन गर्नका लागि सचेतना अभिबृद्धि, महिलाहरुको लागि सुरक्षित स्थल, राहत वितरण तथा अल्पकालीन आश्रय सहितको मनोविमर्श र दिगो जिविकोपार्जनका लागि सहयोग कार्यक्रम संचालन गर्दै आएको छ । यस कार्यक्रमलाई संस्थाले विपद जस्तो अप्ठेरो परिस्थितिमा तपाईहरु एक्लो हुनुहुन्न, तपाईको यो अप्ठेरो परिस्थितिमा सहयोगका लागि हामी छौं भन्ने मान्यता अनुरुप कार्य गर्दै आईरहेको छ ।

यसै शिलशीलामा संस्थाले संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) संगको आर्थिक तथा प्राविधिक सहयोगमा सुदुर पश्चिमका भुकम्प प्रभावित जिल्लाहरु डोटी र बाजुराका ३ वटा पालिकामा लक्षित गरी स्नेह केन्द्र (महिलामैत्री स्थल) संचालन गर्न लागेको छ । स्नेह केन्द्र संचालन गर्नुको उद्देश्य भुकम्प तथा अन्य प्रकृतिका विपदको अवस्थामा महिलाहरुलाई सुरक्षित र आराम गर्ने महिला मैत्री स्थल प्रदान गरी भुकम्प जस्ता प्राकृतिक विपत्तिले उनीहरुमा पैदा गरेको तनावलाई कम गर्न मनोविमर्श सेवा, लैंगिक हिंसा, वेचविखन तथा यौन तथा प्रजनन स्वास्थ्य समस्याका बारेमा सुचना तथा जानकारी र हिंसा प्रभावित महिलाहरुलाई अल्पकालिन आश्रयस्थल सहितको सेवा उपलव्ध गराउने रहेको छ । साथै यस कार्यक्रम अन्तगत स्नेह केन्द्रमा आई मनोविमर्श सेवा लिननसक्ने अवस्थाका व्यक्तिहरुलाई घरदैलोमै गई आवश्यक सेवा तथा सुचना प्रदान गर्नु, महिला मैत्री स्थलमा आउने व्यक्तिहरुलाई मनोविमर्श सेवा प्रदान गर्नु मनोविमर्शकर्ताको मुख्यकाम हुनेछ । साथै मनोविमर्शकर्ताले भुकम्प प्रभावित क्षेत्रका सवै टोल तथा बस्तीहरुमा प्राथमिक मनोवैज्ञानिक सहयोग जस्ता विषयमा सचेतना अभिबृद्धि पनि गनुपर्नेछ ।

**मुख्य जिम्मेवारीहरु ः**

- भुकम्प तथा लैङ्गिक विभेदमा आधारीत हिंसाबाट प्रभावित महिला र किशोरीहरुको मनोसामाजिक अवस्थाको जानकारी लिई भुकम्प तथा विपदको त्रास, डर र भयबाट बाहिर ल्याई सामान्य जिवनमा फर्काउनको लागि आवश्यकता अनुसारको मनोसामाजिक विमर्श गर्ने ।
- मनोसामाजिक विमर्श पश्चात व्यक्तिगत फाईल तयार गर्ने ।
- मनोसामाजिक विमर्श गर्दा उमेर र अवस्था हेरीकन एक्लै वा समुहमा पनि गर्ने ।
- संस्थाले तयार गरेका केसविबरण फारमहरुको प्रयोग गरी सबै केसको अभिलेख राख्ने ।
- आवश्यकता अनुसार महिला तथा किशोरीहरुलाई लैंगिकतामा आधारित हिंसा, प्राथमिक मनोवैज्ञानिक सहयोग आदि विषयमा तालिम तथा अभिमुखीकरण दिने ।
- गर्भवती र सुत्केरी महिलालाई उनीहरुको अवस्था अनुसार मर्यादा सामाग्री बितरण गर्न सहयोग गर्ने,परामर्श दिने ।
- महिला मैत्री स्थलमा आई मनोविमर्श सेवा लिन चाहने व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसार मनोविमर्श सेवा प्रदान गर्ने ।
- महिला मैत्री स्थलमा आई सेवा लिन नसक्ने व्यक्तिहरुलाई समुदायमै गई मनोविमर्श सेवा प्रदान गर्ने ।
- साप्ताहिक र मासिक प्रतिवेदन तयार गरी महिला मैत्री स्थल ईन्चार्जलाई बुझाउने ।
- सफलताका कथा वा अन्य घटनाको अभिलेख राख्ने ।
- संस्थाको आवश्यकताको आधारमा दिईएको जिम्मेवारी पुरा गर्ने ।

**आवश्यक शैक्षिक योग्यता तथा अनुभवः**

- नेपालसरकारको स्विकृत प्राप्त शैक्षिक संस्थाबाट उच्च शिक्षा तथा प्रवीणता प्रमाण तह उत्तीर्ण गरेको
- नेपालसरकारको स्विकृत प्राप्त निकायबाट ६ महिनाको मनोविमर्शको तालिम लिएको र मनोविमर्शकर्ताको रुपमा काम गरेको ।

- लैंगिक विभेदमा आधारित हिंसा, यौन तथा प्रजनन स्वास्थ्य, विपद व्यवस्थापन जस्ता क्षेत्रमा काम गरेको कम्तीमा ३ बर्षको अनुभव भएको ।
- स्थानीय समुदायको महिला, दलित तथा पछाडीपारिएका समुदायका व्यक्तिहरु

**Qualified candidates may send cover letter detailing their experience and motivation for the current position with an updated CV to vacancy@worecnepal.org by 14 th June 2023.**

The application without cover letter and CV will not be considered for the position. Please write the name of Position in the subject/Head of email to which position you are applying.

Only the shortlisted candidates will be called for written test and interview..